आर्थिक बर्ष : २०८२/८३

बैठक संख्या :१६

आज मिति २०८३/०३/०७ गते विहान ८:०० बजे बिरुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा गाउँ कार्यपालिकाका अध्यक्ष श्री सूर्य बहादुर कुँवरज्यूको अध्यक्षतामा वसेको कार्यपालिकाको बैठकबाट निम्न अनुसारको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

| दस्तखत | पदाधिकारी | गाउँपालिका/ वडा नं | नाम,थर |
|---|---|---|---|
| | अध्यक्ष | गाउँपालिका | श्री सूर्य बहादुर कुवँर |
| | उपाध्यक्ष | गाउँपालिका | श्री भगवती शर्मा |
| | वडा अध्यक्ष | १ नं | श्री राजेन्द्र कुमार के .सी. |
| | वडा अध्यक्ष | २ नं | श्री नोम बहादुर गुरुङ |
| | वडा अध्यक्ष | ३ नं | श्री मनुकुमारी राना |
| | वडा अध्यक्ष | ४ नं | श्री मुक्त बहादुर गुरुङ |
| | वडा अध्यक्ष | ५ नं | श्री ङन बहादुर थापा |
| | वडा अध्यक्ष | ६ नं | श्री कृष्णबहादुर क्षेत्री |
| | वडा अध्यक्ष | ७ नं | श्री मेखराज गुरुङ |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री कुशुम देवी शर्मा श्रेष्ठ |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री र माया गुरुङ |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री दुर्मा देवी थापा |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री इन्दिरा पोखेल |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री पाल सिं विश्वकर्मा |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री कोपिला वि.क. |
| | प्रमुख प्रशासकीय अधिकृत | गाउँपालिका | श्री पर्शुराम उपाध्याय |

अन्य उपस्थिति

| | | | |
|---|---|---|---|
| | कार्यबहाक वडा अध्यक्ष | ८ नं. | श्री दाम बहादुर राना मगर |
| | प्रशासकीय अधिकृत | गाउँपालिका | श्री पिताम्बर पोखेल |
| | सहायक प्रशासकीय अधिकृत | गाउँपालिका | श्री दिपक ढुङ्गाना |
| | सहायक लेखा अधिकृत | गाउँपालिका | श्री शंकर चापागाई |

बिरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिरुवा गाउँपालिका
स्याङ्जा
२०७३

गाउँ कार्यपालिका बैठक कार्यसूची (२०८३/०३/०७)

| सि.नं. | प्रस्ताव | प्रस्तावक शाखा/ पदाधिकारी | निर्णण भएको/नभएको |
|---|---|---|---|
| १. | आर्थिक सर्वेक्षण २०८३ माथी छलफल र स्वीकृती सम्बन्धमा। | योजना शाखा | |
| २. | आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम स्वीकृत सम्बन्धमा। | अध्यक्षज्यूको सचिवालय | |
| ३. | अध्यक्षकप खेलकुद प्रतियोगिताको खर्च अनुमोदन सम्बन्धमा। (१२ लाख) | शिक्षा युवा तथा खेलकुद शाखा | |
| ४. | परिमार्जित स्थानीय पाठ्यक्रम स्वीकृत सम्बन्धमा। | शिक्षा युवा तथा खेलकुद शाखा | |
| ५. | विविध प्रतिवेदन स्वीकृत सम्बन्धमा।<br>• पूर्वाधार विकास समितिको वार्षिक प्रतिवेदन<br>• आर्थिक विकास समितिको वार्षिक प्रतिवेदन<br>• सामाजिक विकास समितिको वार्षिक प्रतिवेदन<br>• संस्थागत सुशासन विकास समितिको वार्षिक प्रतिवेदन<br>• वन वातावरण समितिको वार्षिक प्रतिवेदन<br>• अनुगमन समितिको वार्षिक प्रतिवेदन | विषयगत समिति | |
| ६. | उत्कृष्ट कर्मचारी छनौट सम्बन्धमा। | गाउँपालिका | |
| ७. | यातायात खर्च भुक्तानी सम्बन्धमा। (विद्यालय मर्जर प्रयोजनका लागि भएको अनुगमन) | शिक्षा युवा तथा खेलकुद शाखा | |
| ८. | मेथाभुरुङ बजार ढल व्यवस्थापन योजनाको भेरीयसन वापत अपुग रकम भुक्तानी सम्बन्धमा। (समय निर्माण सेवा रकम रु १,०५,०००/-) | योजना/प्राविधिक शाखा | |
| ९. | विविध<br>• आर्थिक सहायता | | |

बिरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिरुवा गाउँपालिका
स्याङ्जा
२०७३

मिति :२०८३/०३/०७

**निर्णय नं. १**

बिरुवा गाउँपालिकाको आर्थिक सर्वेक्षण-२०८३ सर्वसम्मतिले स्वीकृत गरियो।

**निर्णय नं. २**

बिरुवा गाउँपालिकाको आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम स्वीकृत गरी गाउँसभाको १९ औं अधिवेशनमा पेश गर्ने निर्णय सर्वसम्मतिले गरियो।

**निर्णय नं. ३**

स्थानीय खेलकुद समितिको व्यवस्थापनमा २०८३ बैशाख ११ देखी १३ सम्म बिरुवा गाउँपालिका वडा नं. १ स्थीत बिरुवा खेलमैदानमा संचालित नवौं अध्यक्ष्यकप खेलकुद प्रतियोगिताको एकमुष्ठ खर्च रकम रु १२,००,०००/- (अक्षरुपी बाह्र लाख मात्र) सर्वसम्मतिले अनुमोदन गरियो।

**निर्णय नं. ४**

बिरुवा गाउँपालिकाको परिमार्जित स्थानीय पाठ्यक्रम-२०८३ सर्वसम्मतिले स्वीकृत गरियो।

**निर्णय नं. ५**

बिरुवा गाउँपालिका अन्तर्गतका तपसिल विषयगत समितिको प्रतिवेदन स्वीकृत गरी गाउँसभाको १९ औं अधिवेशनमा पेश गर्ने निर्णय सर्वसम्मतिले गरियो।

**तपसिल :**

- पूर्वाधार विकास समितिको वार्षिक प्रतिवेदन
- आर्थिक विकास समितिको वार्षिक प्रतिवेदन
- सामाजिक विकास समितिको वार्षिक प्रतिवेदन
- संस्थागत सुशासन विकास समितिको वार्षिक प्रतिवेदन
- वन वातावरण समितिको वार्षिक प्रतिवेदन
- अनुगमन समितिको वार्षिक प्रतिवेदन

**निर्णय नं. ६**

बिरुवा गाउँपालिका कार्यालय र अन्तर्गतका कार्यालयमा कार्यरत कर्मचारीहरुलाई प्रोत्साहन गर्ने उदेश्यले उत्कृष्ट कर्मचारी सम्मान गर्ने गाउँपालिकाको नीति अनुरुप उत्कृष्ट कर्मचारी छनौट गरी सम्मान गर्ने सर्वसहमतिले निर्णय गरियो ।साथै उत्कृष्ट कर्मचारी छनौट गर्नका लागि गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा तपसिल सदस्य रहने गरी छनौट समिति गठन गर्ने र छनौट समितिबाट

अधिकृत

सिफारिस भएका कर्मचारीहरुलाई गाउँसभाको १९ औं अधिवेशनमा रु ५०००/- नगद सहात सम्मान गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**तपसिल :**

संयोजक : भगवती शर्मा (गाउँपालिका उपाध्यक्ष)

सदस्य : पर्शुराम उपाध्याय (प्रमुख प्रशासकीय अधिकृत)

सदस्य : मेखराज गुरुङ (कार्यपालिका सदस्य)

सदस्य : शंकर चापागाई (आर्थिक प्रशासन शाखा प्रमुख)

सदस्य सचिब : पिताम्बर पोखेल (प्रशासन शाखा प्रमुख)

**निर्णय नं. ७**

बिरुवा गाउँपालिका अन्तर्गत रहेका विभिन्न विद्यालयहरुमा विद्यार्थी संख्या न्युन रहेकोले गाउँपालिका अन्तर्गत रहेका विद्यालयको स्थलगत अनुगमन गरी विद्यालय समायोजन र मर्जरका सम्बन्धमा कार्यालयमा प्रतिवेदन पेश गर्नका लागि गठित समितिका पदाधिकारी तथा सदस्यहरुलाई अनुगमनमा खटिएको समयको नियमानुसार यातायात भत्ता उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ८**

बिरुवा गाउँपालिका कार्यलयको आ.व. २०८२/८३ को वार्षिक योजना तथा कार्यक्रममा समावेश भई कार्यान्वयन सम्पन्न भएको मेथाभुरुङ बजार ढल व्यवस्थापन योजनाको कार्यान्वयनको क्रममा थप भएको स्वीकृत भेरियसन वापतको भुक्तानीका लागि अपुग एकमुष्ठ रकम रु १,०५,०००/- समपुरक कोषबाट सम्बन्धित निर्माण कम्पनीलाई भुक्तानी दिने  निर्णय गरियो।

**निर्णय नं. ९**

बिरुवा गाउँपालिका वडा नं ४ कोखे बाहुँ स्थायी ठेगाना भएको चुत्र बहादुर थापाको दाहिने खुट्टा नभएको र अस्थायी खुट्टाको सहायतामा हिडडुल गर्दै आईरहेकोमा उक्त खुट्टा परिवर्तन गर्नुपर्ने भएको तथा नीजको आर्थिक अवस्था अत्यन्तै कमजोर रहेकोले निजलाई रु ३०,०००/- आर्थिक सहायता प्रदान गर्ने सर्वसम्मतीले निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत